17/02/2025

National News

<u>मुख्य समाचार</u>

- उपराष्ट्रपतिले राष्ट्रीय कृषि-खाद्य र जैव विनिर्माण संस्थानमा उन्नत उद्यमिता अनि कौशल विकास कार्यक्रम परिसरको गर्नुभयो उद्धाटन
- केन्द्रीय माध्यमिक शिक्षा बोर्डले दुई हजार पचीस  बोर्ड परीक्षाको प्रश्नपत्र  लीक ह◌ुने दाव◌ीको गरेको छ खण्डन
- तेलंगाना सरकारले घरको विवरण जानकारी दर्ता गर्ने कामको गर्यो  शुभारम्भ
- दिल्ली विश्वविद्यालयको हिन्दू कलेजले मनायो एक सय छब्बीसौं स्थापना दिवस ,

## 37 उपराष्ट्रपति - पंजाब दौरा

पंजाबको मोहालीमा उपराष्ट्रपति श्री जगदीप धनखड़ले आज राष्ट्रीय कृषि-खाद्य र जैव विनिर्माण संस्थानमा उन्नत उद्यमिता र कौशल विकास कार्यक्रम परिसरको उद्धाटन गर्नुभयो। उहाँले देशवास◌ीलाई राष्ट्र प्रथमको सिद्धान्तमा विश्वास र◌ाख◌्न आह्वान गर्नुभयो र भन्नुभयो कुनै पनि व्यक्तिगत र राजनीतिक हित राष्ट्रीय हित भन्दा  ठूलो होइन । उहाँले भन्नुभयो, राष्ट्रको आत्मा गाउँमा बस◌्छ। श्री धनखडले भन्नुभयो, विकसित भारत अब केवल सपना नभएर ह◌ाम्रो लक्ष्य ह◌ो। उहाँले कृषि र डेयरी उत्पादको  माध्यमले ग्रामीण अर्थव्यवस्थालाई पुनर्जीवित गर्ने आह्वान पनि गर्नुभयो।

## सी बी एस ई - दावा खण्डन

केन्द्रीय माध्यमिक शिक्षा बोर्डले सोशल मीडियामा प्रसारित दुई हजार पचीस  बोर्ड परीक्षाको प्रश्नपत्र  लीक ह◌ुने सम्बंन्ध◌ी दाव◌ीको खण्डन गरेको छ।  बोर्डले भनेको छ, क◌ेही मानिसले सोशल मीडियामा पेपर लीकको अफवाह फैलाइरहेका छन् । बोर्डले भनेको छ, य◌ो दाव◌ी निराधार छ र यसको उद्देश्य विद्यार्थ◌ी र अभिभावकमा अनावश्यक डर पैदा गर्नु हो। बोर्डले भनेको छ, अधिकारीहरूले यसक◌ो सक्रिय रेखदेख गरीरहेका छन् र गलत सूचना फैलाउने विरूद्ध कार्रवाई गरिदैछ। बोर्डले बताएकोछ, दस र बाह्र कक्षाको परीक्षा चार अप्र◌ेल सम्म चल◌्नेछ। बोर्डले अभिभावकलाई अफवाहमा विश्वास  न गर्न भनेको छ । विद्यार्थ◌ी, अभिभावक र स्कूललाई उचित जानकारीका लागि बोर्डको आधिकारिक वेबसाइट www.cbse.gov.in मा भरोसा गर्न बताइएको छ।

## तेलंगाना-जाति सर्वेक्षण

तेलंगाना सरकारले यस महीन◌ाको अठाइस  तारीख सम्म सामाजिक-आर्थिक, शैक्षणिक, रोजगार, राजनीतिक र जाति सर्वेक्षणमा गणना गर्नका लागि घरहरूको विवरणको जानकारी दर्ता गर्ने काम  शुरू गरेको छ। सरकारले जसले पह◌िल◌ा गणनाकर्तालाई विवरण दिन पाएका थिएनन्, अब द◌िन सक्ने घोषणा गरेको थियो।  अनुमान गरिएको छ, राज्यको कुल जनसंख्य◌ाको लगभग तिन दशमलव एक  प्रतिशत,अर्थात् साढे तीन लाख भन्दा अधिक परिवारले पह◌िल◌ा सर्वेक्षणमा भाग लिन पाएका थिएन्न्◌् । राज्यमा जाति सर्वेक्षणलाई ल◌िएर बहस भयो जसमा  भारत राष्ट्र समित◌ी (बी.आर.एस)का कार्यकारी अध्यक्ष श्री के. टी. रामा रावले यस कामको आलोचना गर्नुभयो, जबकि क◌ेही पछ◌ाड़◌ीएका  वर्ग संघहरूले आपत्ति जताए ।

## 15 रेलवे- उपाय

उत्तर रेलवेले नयाँ दिल्ली रेलवे स्टेशनमा कुनै पनि अप्रिय घटनाबाट बचावका लागि उपाय गरेको छ । रेलवेले भनेको छ, प्रयागराज जाने सबै विशेष ट्रेन प्लेटफर्म नम्बर सोह्रबाट प्रस्थान गर्नेछ । यात्र◌ीहरूको प्रवेश र निकास अजमेरी गेट तर्फबाट हुनेछ।  सबै प्लेटफर्मबाट नियमित ट्रेन चल◌ीरहनेछ । यो पिक आवरको समयमा प्लेटफर्ममा भीडभाड हुन नदिनको लागि एक कदम हो।      यस अतिरिक्त  , नयाँ दिल्ली रेलवे स्टेशनमा रेलवे सुरक्षा बल र राजकीय रेलवे पुलिस बलको तैनाती बढ़ाइएको छ।  पुलिसकर्मीले , यात्र◌ीहरूलाई उन◌ीहरूको ट्रेन भएको प्लेटफर्म सम्म पुग्नमा सहायता पुर्याइरहेका छन् । भीड़-भाड़को स्थित◌ीबारे   यात्रीहरूले सोधखोज  र सहायताका लागि रेलवे हेल्पलाइन नम्बर एक तिन नौंको उपयोग गर्न सक्नु हुनेछ।

## 47 दिल्ली- हिन्दू कलेज

दिल्ली विश्वविद्यालयको हिन्दू कलेजले आज आफ्नो एक सय छब्बीसौं   स्थापना दिवस मनाय◌ो। यस कार्यक्रममा मुख्य अतिथ◌ीका रूपमा केन्द्रीय शिक्षा मन्त्री श्री धर्मेंद्र प्रधान र विशिष्ट अतिथिका रूपमा दिल्ली विश्वविद्यालयका कुलपति प्रोफेसर योगेश सिंहको पनि उपस्थीती रहयो । यस अवसरमा श्री प्रधानले छात्रहरूलाई सम्बोधन गर्दै सबै हितधारकहरूलाई हार्दिक बधाई द◌िनुभयो । उहाँले स्वास्थ्य उत्पादका लगि सुगन्ध निर्माणमा हिन्दू कलेजको अग्रणी कौशल प्रशिक्षण कार्यक्रमको सराहना गर्नुभयो । उहाँले, हिन्दू कलेज पछ◌िल◌ो एक सय छब्बिस  वर्षदेखी शैक्षिक उत्कृष्टता, नवाचार, विविधता, बहुलता, लोकतान्त्र◌ीक लोकाचार, राष्ट्रवादी भावना र राष्ट्र निर्माणको उदगम स्थल रह◌ेको

बताउनुभयो। उहाँले भन्नुभयो .....Byte

संशो रूस-यूक्रेन ड्रोन

यूक्रेनी सेनाले भनेकोछ, रूसका सेनाले रात भरीमा एक सय सैतालिस ड्रोनले हमला गऱ्यो अनि यूक्रेनको वायुसेनाले एक सय सैतालिस ड्रोनमा त्रियासीलाई नष्ट गर्यो भने, उनन्साठी ड्रोन आफ्नो लक्ष्य सम्म पुगेन। यस बीच, रूसी सेनाले भनेकोछ , सेनाले नब्बे यूक्रेनी ड्रोन र एक Neptune anti-ship मिसाइललाई नष्ट गऱ्यो। सेनाले बताए अनुसार, ड्रोन र मिसाइल आठ क्षेत्रमा इन्टरसेप्ट गरिएको थियो।

सीमा सुरक्षा बल-सम्मेलन

भारत र बांग्लादेश बीच सीमा समन्वय बारेमा सम्मेलन आज नयाँ दिल्लीमा शुरू भयो। यो पचपन्नौं महानिदेशक स्तरीय सम्मेलन हो जो यस महीनाको बीस तारीख सम्म चल्नेछ। सीमा सुरक्षा बलको प्रतिनिधिमण्डलको नेतृत्व बलका महानिदेशक श्री दलजीत सिंह चौधरीले गर्नुभएकोछ, भने बांग्लादेश सीमा गार्डको प्रतिनिधिमण्डलको नेतृत्व महानिदेशक मेजर जनरल मोहम्मद अशरफ-उज्जमां सिद्दीकीले गर्नुहिँदैछ।

दक्षिण कोरिया-डीपसीक

दक्षिण कोरिया सरकारले डेटा संग्रह अभ्यास सम्बन्धी चिन्तालाई लिएर चिनी Artificial Intelligence को एप्लीकेशन डीपसीकको स्थानीय सेवालाई अस्थायी रूपमा निरस्त गरेको छ। डेटा प्रबन्धन अभ्यासलाई लिएर आफ्नो चिन्ताको कारण केही सरकारी एजेन्सी द्वारा डीपसीक एप्लीकेशनको पहुँचलाई ब्लक गरिए पछि यो निर्णय लिइएको हो।

दिल्ली- नगर निगम

दिल्ली नगर निगमले शहरमा सफाई व्यवस्था राम्रो बनाउन ठूलो संख्यामा फोहोर निकाल्ने कारखाना, फेक्ट्री र लघु उद्योग इकाइहरूको पंजीकरण अनिवार्य गर्ने घोषणा गरेको छ। निगमले बताएको छ, जो फैक्ट्रीले प्रतिदिन सय किलोग्राम भन्दा अधिक फोहोर उत्सर्जन गर्छ भने पंजीकरण गर्नु आवश्यक छ। निगमले भनेको छ, यसको उद्देश्य सतत फोहोर प्रबन्धनलाई बढ़ावा दिनका साथ-साथ राजधानीको लेण्डफिल साइटहरूमा मैला कम गर्नु हो।

25 मौसम

मौसम विभागले भनेको छ, दिल्ली, राजेस्थान, पंजाब, हरियाणा र पश्चिमी उत्तर प्रदेशमा दिनको तापमान सामान्यदेखी तीनबाट पाँच डिग्री सेल्सियस भन्दा अधिक बनेको छ। अगिलो दुई-तीन दिनमा उत्तर-पश्चिम, मध्य, पूर्वोत्तर र पूर्वी भारतमा न्यूनतम र अधिकतम तापमान सामान्य देखी अधिक रहने संभावना छ। । आकाशवाणी समाचारबाट विशेष बातचीतमा मौसम विभागका वरिष्ठ वैज्ञानिक श्री आर. के जेनामणिले भन्नुभएको छ, पश्चिमी विक्षोभका कारण तापमानमा वृद्धि हुने संभावना छ। यस महिनाको उन्नाइस तारिखदेखि उत्तरपश्चिमी भारत र पश्चिमी हिमालय क्षेत्रमा हल्कादेखि छिटफुट वर्षा, मेघगर्जन र चट्याङसहित वर्षाको सम्भावना रहेको छ ।